# स्थानीय राजपत्र

बहुदरमाई नगरपालिका, नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड १ बहुदरमाई, आश्विन २३ गते, २०७५ साल संख्या २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिमबहुदरमाईनगरपालिकाको नगरसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीकालागिप्रकाशनगरिएको छ ।

भाग १

## बहुदरमाई नगरपालिकाको विनियोजन ऐन, २०७५

"बहुदरमाई नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन"

**प्रस्तावना :**बहुदरमाईनगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिमबहुदरमाईनगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनाम र प्रारम्भः** (१) यस ऐनको नाम" **बहुदरमाई नगरपालिकाको विनियोजन ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क) "नगर सभा"भन्नाले बहुदरमाई नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख) "कार्य पालिका"भन्नाले बहुदरमाई नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "वडा समिति"भन्नाले बहुदरमाई नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) "बिषयगतशाखा"भन्नाले बहुदरमाइ नगरपालिकाका अन्तर्गतको महाशाखा, शाखा,

बहुदरमाई नगरपालिका

आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ.) "संञ्चितकोष"भन्नाले बहुदरमाई नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३.**आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५४,४२,९८,२०४।१६(**अक्षेरुपीचौवन्न करोड ब्यालिस लाख अनठान्बे हजार दूई सय चार र पैसा सोह्र** )मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिने छ ।साथै उक्त रकम वाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र तोकिए बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

४. **विनियोजन : (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त बहुदरमाई नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिनआएमा बहुदरमाई नगरपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

बहुदरमाई नगरपालिका

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**बहुदरमाईनगरको संञ्चितकोषमा आ.व.२०७५।०७६ मा जम्मा रहने तथा सोबाट विनियोजन हुने रकम**

| | आयतर्फ | | | प्रस्तावितखर्च | |
|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम । योजनाको नाम | रकम रू. | क.सं. | योजनातथाकार्यक्रमहरूको नाम | विनियोजिन रकम |
| १ | वित्तीय समानीकरण (संघीय सरकार) | ११९८०००००।०० | १ | चालु (प्रशासनिक) | ७०२७००००।०० |
| २ | वित्तीय समानिकरण (प्रदेश सरकार) | २९५१०००।०० | १.१ | चालु (पुजिगत ) | २२३९८१०००।०० |
| ३ | शशर्त अनूदान (संघीय सरकार) | १३१६००००००।०० | १.२ | पुजिगततर्फ | २५००४७२०४।१६ |
| ४ | शशर्त अनुदान (प्रदेश सरकार) | १००००००००।०० | | | |
| ५ | राजस्ववांडफांड रकम (संघीय सरकार) | ६७६६४०००।०० | | | |
| ६ | राजस्ववांडफांड रकम (प्रदेश सरकार) | २६५१०००।०० | | | |
| ७ | सामाजिक सुरक्षाभत्ता (संघीय सरकार) | ५१५००००००।०० | | | |
| ८ | सम्पूरक कोष (संघीय सरकार) | ०।०० | | | |
| ९ | विशेष कोष (संघीय सरकार) | ०।०० | | | |
| १० | स्थानीयशासनतथा सामूदायिकविकास | १८००००।०० | | | |
| ११ | वहूक्षेत्रीयपोषण योजना | १४३१०००।०० | | | |
| १२ | सडकबोर्ड नेपाल | ३००००००।०० | | | |
| १३ | आन्तरिक आय | ५०५००००।०० | | | |

बहुदरमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | गतआ.व.०७४।०७५को आन्तरिक आम्दानीमौज्दात | १४३१०७३।६८ | | | |
| १५ | गतआ.व.०७४।०७५को सरी आएको मौज्दात | | | | |
| १५.१ | पूजीगततर्फ | १११३५३०००।०० | | | |
| १५.२ | पूजीगतकार्यक्रमतर्फ | १४३४५९२९।०० | | | |
| १५.३ | चालु | २१३४१२०१।४८ | | | |
| | जम्मा | ५४४२९८२०४।१६ | | जम्मा | ५४४२९८२०४।१६ |

प्रमाणिकरण मितिः २०७५/०६/२३

आज्ञाले
रामकुमार कार्की
नि.प्रमुखप्रशासकीयअधिकृत

बहुदरमाई नगरपालिका